## नेपालको नयाँ संविधानमा गैर आवासीय नेपालीलाई नागरिकताको व्यवस्था सम्बन्धी प्रस्ताव

संविधानसभा-मौलिक अधिकार तथा राज्यका निर्देशक सिद्धान्त सम्बन्धी समितिद्वारा प्रस्तावित नागरिकता सम्बन्धी व्यवस्थामा मूलतः तल उल्लेखित प्रावधानहरुमा निम्न बमोजिम हेरफेर गरी नयाँ संविधानमा प्रत्याभूत गर्न सकिएमा गैर आवासीय नेपालीहरुको नागरिकता सम्बन्धी हक पूर्णत संरक्षण हुने देखिन्छ । यस प्रयोजनका लागि नयाँ संविधानमा नागरिकता सम्बन्धी परिच्छेद् अन्तर्गत छुट्टै शीर्षक/धारामा "गैर आवासीय नागरिकता" को व्यवस्था प्रत्याभूत हुन सकेमा गैर आवासीय नेपालीहरुले उठाउँदै आएको नेपाली नागरिकताको निरन्तरताको मागलाई सरल र छरितो ढंगले संवोधन गर्न सकिने देखिन्छ । यसबाट "गैर आवासीय नागरिकता" नागरिकता सम्बन्धी एक नयाँ प्रकारको रुपमा स्थापित हुनेछ र यसले नेपाल राज्य, गैर आवासीय नेपाली नागरिक र उनका सन्तानहरु सबैको सरोकार र चाहनालाई बैधानिक ढंगले पूर्ति गर्न सहयोग पुग्नेछ ।

**प्रस्तावित र थप्नु पर्ने व्यवस्था :**

**१ नागरिकता समाप्ती सम्बन्धी व्यवस्था**

प्रस्तावित धारा ११ को खण्ड (ख) मा उल्लेखित "विदेशी नेपाली नागरिकता लिदा नेपालको नागरिकता रद्द हुने व्यवस्था" अन्तर्गत निम्न प्रोभाईजो थप्नु पर्ने :

> "तर, नेपालको बंशज वा जन्मसिद्ध नागरिकता प्राप्त व्यक्तिले दक्षिण एसियाली क्षेत्रिय सहयोग संगठन (सार्क) क्षेत्रभन्दा बाहेकका देशहरुको नागरिकता लिएको रहेछ भने त्यस्तो व्यक्तिले स्वेच्छाले नेपाली नागरिकता त्यागेको अवस्थामा बाहेक निजको नेपाली नागरिकता समाप्त/लोप भएको मानिने छैन ।"

**२. नेपालको नागरिक ठहर्ने सम्बन्धी व्यवस्था :**

देहायको व्यक्ति यो संविधान प्रारम्भ हुँदाका वखत नेपालको नागरिक ठहर्नेछ :

क) यो संविधान प्रारम्भ हुँदाका वखत नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति, (प्रस्तावित व्यवस्था)

ख) यो संविधान प्रारम्भ भए पछि नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति, (प्रस्तावित व्यवस्था)

ग) यो संविधान प्रारम्भ भए पछि गैर आवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति, (थप्नुपर्ने व्यवस्था)

घ) धारा ३ बमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्य व्यक्ति, (प्रस्तावित व्यवस्था)

**३. वंशजको आधारमा नागरिकता :**

यो संविधान प्रारम्भ हुँदाका वखत नेपालमा स्थायी बसोबास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ :

क) कुनै व्यक्तिको जन्म हुँदाका वखत निजको आमा र वावु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति, (प्रस्तावित व्यवस्था)

ख) विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भै नेपालमा नै स्थायी बसोबास गरेको र आमा वा वावुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र वावु दुबै नेपाली नागरिक रहेछन भने त्यस्तो व्यक्ति, (प्रस्तावित व्यवस्था)

ग) गैर आवासीय नागरिकता प्राप्त गरेको वावु वा आमाबाट जन्मेको नावालक र नावालिका (थप्नु पर्ने व्यवस्था)

घ) नेपाल सरहदभित्र फेला परेको आमा वावुको ठेगान नभएको प्रत्येक नावालक नावालिका निजको आमा वा वावु पत्ता नलागेसम्म त्यस्तो व्यक्ति, (प्रस्तावित व्यवस्था)

४. **गैर आवासीय नेपाली नागरिकता** : (थप्नु पर्ने व्यवस्था)

क) नेपालको नागरिकता त्याग गरी अर्को देशको नागरिकता प्राप्त गरेका दक्षिण एसियाली क्षेत्रिय सहयोग संगठन (सार्क) क्षेत्रभन्दा बाहिरका देशमा बसोबास गरेका नेपाली मूलका व्यक्तिहरुलाई नेपाल सरकारले गैर आवासीय नेपाली नागरिकता प्रदान गर्नेछ ।

ख) उपधारा ... बमोजिम गैर आवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिलाई प्रचलित कानूनले अन्य नागरिकलाई प्रदान गरेसरहका अधिकारहरु उपभोग गर्ने हक हुनेछ ।

ग) गैर आवासीय नागरिकताको प्राप्ती, समाप्ती र आवश्यक अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।